प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ३०४ ॥ २०८१ पुष १० गते बुधबार (25th Dec 2024 Wednesday) | **Pratidin** National Daily | मूल्य-रु.५/-

### सर्वोच्चले गर्यो रिट खारेज

## प्रतिष्ठानले बिर्तामोडको ४६ विगाह जग्गा खाली गराउँदै

झापा(प्रस) ।मोहियानी हक दावी गर्दै वर्षौदेखि ठेक्कासमेत नतिरी आफूखुशी जोतभोग र बिक्री गर्दै आएका व्यक्तिहरुले बिर्तामोडमा रहेको प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान (ग्रामीण विकास प्रशिक्षण केन्द्र ) कलवलगुरीको सरकारी जग्गा खाली गर्नुपर्ने भएको छ । करिव १४ परिवारले भद्रपुर-१० कलवलगुरीस्थित प्रतिष्ठानको नाममा बिर्तामोड ३ र ९ मा रहेको ४६ विगाह जग्गा मनोमानी ढंगले जोतभोग गर्दै आएका छन् । सर्वोच्च अदालतले प्रदेश सरकारको स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको मातहतमा रहेको प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको नामको जग्गामा मोहियानी हक नलाग्ने फैसला यसअघि नै सुनाएको थियो । तर, त्यस फैसलालाई अस्वीकार गरी जग्गा कमाउनेहरुले फेरि सर्वोच्चमा रिट हालेका थिए । सर्वोच्चले सो रिट खारेज गरिदिएको हो । न्यायाधीश कुमार रेग्मीलगायत दुई जनाको इजलासले रिट खारेज



गरिदिएको स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका कानुनी सल्लाहकार अजय चौधरीले जानकारी दिए । उनले मोही दाबी गर्नेहरुका तर्फबाट कानुनी लडाइँ सकिएको बताए । सो जग्गा कमाएवापत ती व्यक्तिहरुले करिव २७ वर्षदेखि ठेक्का नबुझाएको प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान कलवलगुरीका सुरेश भट्टराईले बताए । मुद्दा परेपछि ती व्यक्तिहरुले साविक अनारमनी र गरामनी गाविसमा धरौटी राखेका थिए । ८ वर्षअघि अनारमनी र गरामनी गाविसमा ८९ लाख रुपैयाँ धरौटी जम्मा भएको देखिएको भट्टराईले जानकारी दिए । त्यसयता धरौटी बुझाए नबुझाएको कुरा थाहा नभएको उनको भनाई छ । ठेक्का नतिरी आफूखुशी गर्दै आएकामध्ये केहीले घर निर्माण गरेका छन् भने केहीले अवैधानिक तवरले जग्गा बिक्री गरेका छन् । त्यस जग्गामा हाल ५० भन्दा बढी घर निर्माण भएको छ । सर्वोच्चले रिट खारेज गरिदिएपनि त्यसको पूर्णपाठ आउन बाँकी छ । पूर्णपाठ आइसकेपछि जग्गा भोगचलन गर्दै आएका व्यक्तिहरुलाई जानकारी गराई खाली गराउने प्रक्रिया शुरु गरिने प्रदेश सरकारको स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका उदय खनालले जानकारी दिए । वर्षौदेखि सरकारी जग्गामाथि मोहियानी हक दाबी गर्दै आएका उनीहरुको त्यो दाबी अब समाप्त भएको खनालले बताए ।

बिर्तामोड - भद्रपुर सडकको केही दक्षिण र सैनिकमोड-सैनिकबजार जाने सडकदेखि केही पूर्वपट्टि अत्यन्त उपयुक्त त्यस जग्गामा बिर्तामोड र भद्रपुर दुवै नगरपालिकाले दावी गर्दै आएका थिए ।

बिर्तामोड नगरपालिका कार्यालय त्यस जग्गामा सार्ने पहलसमेत भएको थियो । तर, साविक ग्रामीण विकास प्रशिक्षण केन्द्र २०७९ सालमा कोशी प्रदेश सरकारको स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको मातहतमा रहनेगरी प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान नामकरण गरिएपछि ती दुवै स्थानीय तहको दाबी नपुग्ने देखिएको छ ।

प्रदेश सरकार तथा स्थानीय तहको क्षमता विकास गर्ने मूलभुत उद्देश्य राखेर कोशी प्रदेश सरकारद्वारा प्रदेश प्रशिक्षण केन्द्र (संचालन तथा व्यवस्थापन) नियमावली, २०७७ को रुपमा कानूनी व्यवस्था गरी २०७७ असोज १८ गते प्रदेश प्रशिक्षण केन्द्रको स्थापना गरिएको थियो । प्रदेश सरकारद्वारा २०७९ साउन ३० गते प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ जारी गरी प्रदेश प्रशिक्षण केन्द्रलाई प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको रुपमा संचालन गरिएको हो । प्रदेश सरकार तथा स्थानीय तहको क्षमता विकास तथा सशक्तिकरण गर्ने, सार्वजनिक पदाधिकारीका लागि तालिम संचालन गर्ने, प्रदेश तथा स्थानीय शासन सम्बन्धी अध्ययन एवं अनुसन्धान गरी सम्बन्धित निकायलाई परामर्श दिने यस केन्द्रको मुख्य कार्य रहेको जनाइएको छ । ती कार्यका लागि संघीय सरकारद्वारा साविकको स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान अन्तर्गतको कलवलगुरीमा अवस्थित ग्रामीण विकास प्रशिक्षण केन्द्र प्रदेश प्रशिक्षण केन्द्रलाई हस्तान्तरण गरिएको हो ।

## फाइरिङ गरी कुदाउने ७ वटा मोटरसाइकल नियन्त्रणमा



झापा(प्रस)। झापाको बिर्तामोडमा साइलेन्सर परिवर्तन गरी ठूलो आवाजमा फाइरिङ गर्दै कुदाउने ७ वटा मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय बिर्तामोडको संयुक्त टोलीले साइलेन्सर परिवर्तन गरी ठूलो आवाजका साथ ध्वनि प्रदूषण गर्ने ७ वटा मोटरसाइकललाई दुई दिनमा नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिइएका मोटरसाइकलहरुमा बुलेट , एनएस , बेनेली , ड्युक, पल्सरलगायत रहेका छन् ।

साइलेन्सर परिवर्तन गरी ठूलो आवाज निकालेर ध्वनि प्रदूषण गर्ने ७ वटा मोटरसाइकललाई नियन्त्रणमा लिइएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमख, प्रहरी निरीक्षक गणेश पौडेलले बताए । उनले एक महिनामा त्यस किसिमका ३० वटा मोटरसाइकललाई नियन्त्रणमा लिई कार्वाही गरिएको बताए । लापरवाही तरिकाले ध्वनि प्रदूषण गरी चलाएका मोटरसाइकललाई नियन्त्रणमा लिई कार्वाही र जरिवाना गरिएको उनले जानकारी दिए । साइलेन्सर बिगारेर चलाइएका ती मोटरसाइकलको साइलेन्सर निकालिएको छ । फेरि पनि त्यसरी नै चलाए यातायात व्यवस्था कार्यालयमा कार्वाहीका लागि पठाउने पौडेलले जानकारी दिए ।

दिउँसोभन्दा रातिको समयमा गोलीको जस्तो ठूलो आवाजका साथ फाइरिङ गर्दै मोटरसाइकल कुदाउँदा बिर्तामोडबासी आतंकित भएका छन् । एकपछि अर्कोको सिको गर्दै युवाले त्यसरी मोटरसाइकल कुदाउन थालेका छन् ।

तीव्र गतिमा फाइरिङ गर्दै कुदाउने युवालाई नियन्त्रणमा लिन प्रहरी टोली नै परिचालन गरिएको छ । मानिसहरु राति सुत्ने बेलामा आगोको फिल्का निकालेर ठूलो आवाजका साथ फाइरिङ गर्दै मोटरसाइकल चलाउने गरेको पाइएको छ । प्रहरीले त्यस किसिमको मोटरसाइकल नियन्त्रणमा लिने अभियानलाई जारी राखेको प्रहरी निरीक्षक पौडेलको भनाई छ ।

## अर्जुनधारामा पोखरीमा डुबेर महिलाको मृत्यु

झापा(प्रस)। झापाको अर्जुनधारामा पोखरीमा डुबेर एक महिलाको मृत्यु भएको छ । दुई दिनदेखि हराइरहेकी अर्जुनधारा नगरपालिका वडा नं.११ लक्ष्मीधाप बस्ने अन्दाजी ५१ वर्षीया बिमला दर्जी मंगलवार दिउँसो पोखरीमा डुबिरहेको अबस्थामा मृत फेला परेकी हुन् । आइतवार दिउँसो ३ बजे कोही कसैलाई नसोधी उनी घरबाट हिडेकी थिइन् ।

खोजतलास गर्दै जाँदा सोही ठाउँ बस्ने भुपाल गिरीको माछा पोखरीमा दिउँसो १२.३० बजे उनी मृत फेला परेकी हुन् । मृतकका छोरा बिमल दर्जीले इलाका प्रहरी कार्यालय बिर्तामोडमा जानकारी गराउन साथ प्रहरी टोली खटिएर अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## मर्निङवाकमा गएकी युवतीमाथि सामूहिक बलात्कार

झापा(प्रस)।मोरङको जहदामा मर्निङ्वाकमा गएकी २२ वर्षीया युवतीमाथि सामूहिक बलात्कार भएको छ । मंगलबार बिहान विराटनगर महानगरपालिका नजिकैको कटहरी गाउँपालिकामा उक्त घटना भएको प्रहरीले जनाएको छ ।

जहदा वडा नं. ४ निवासी युवतीलाई बाँसको झ्याङमा लगेर हातखुट्टा बाँधी मुखमा पट्टी लगाएर सामूहिक बलात्कार गरिएको पीडितको बयानलाई उद्धृत गर्दै प्रहरीले जनाएको छ । अर्धचेत अवस्थामा भेटिएकी उनको विराटनगरस्थित कोशी अस्पतालमा उपचार भइरहेको छ ।

मोरङ प्रहरी प्रवक्ता डीएसपी बेदप्रकाश जोशीका अनुसार प्रारम्भिक अनुसन्धानले युवतीमाथि सामूहिक बलात्कार भएको पुष्टि भएको छ । उनले घटनाको अनुसन्धान सुरू भएको र दोषीको पहिचान र पक्राउका लागि खोजी कार्य तीव्र पारिएको जनाएका छन् ।

युवती बिहान ५ बजे मर्निङ वाकका लागि घरबाट निस्केकी थिइन्। तर, घर नफर्किएपछि परिवारजनले खोजी सुरु गरेको उनका ठुलो बुबाले बताए। स्थानीयले युवतीलाई अचेत अवस्थामा फेला पारी प्रहरीलाई खबर गरेका थिए। युवती फेला परेको स्थान उनको घरबाट करिब दुई किलोमिटर टाढा रहेको छ।

## सहकारीसम्बन्धी अध्यादेश ल्याउने सरकारको निर्णय

झापा(प्रस) । सरकारले सहकारीसम्बन्धी अध्यादेश ल्याउने भएको छ। मंगलबार बालुवाटारमा बसेको मन्त्रिपरिषद् बैठकले सहकारीसम्बन्धी समस्या समाधान गर्नका लागि अध्यादेश ल्याउने निर्णय गरेको हो।



अध्यादेशमा सहकारीसम्बन्धी समस्या समाधान गर्न ‘राष्ट्रिय सहकारी नियमन आयोग’ बनाउने उल्लेख गरिएको छ। उक्त आयोग बनेसँगै सहकारी बोर्ड खारेज हुने छ। मन्त्रिपरिषद् बैठकले सहकारी खारेज गर्ने निर्णयसमेत गरेको स्रोतले बताएको छ।

उक्त आयोगमा चार्टर्ड एकाउन्टेन्ट अध्यक्ष रहने व्यवस्था गरिएको छ। प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार उक्त आयोगमा सहकारी विज्ञ र राष्ट्र बैंकका गभर्नर सदस्य रहनेछन्।

अध्यादेशमा कुनै पनि सहकारीमा १० लाख रुपैयाँ बढी राख्दा त्यसको आम्दानीको स्रोत खुलाउनुपर्ने उल्लेख छ। स्रोतका अनुसार सहकारी पीडितहरूको पैसा फिर्ता गर्ने र सहकारी ठगेकाहरूबाट रकम असुली गर्नेसमेत अध्यादेशमा उल्लेख छ। सबैभन्दा पहिला ५ लाखसम्म ठगिएकाहरूको रकम फिर्ता गरिने समेत अध्यादेशमा उल्लेख छ।

मन्त्रिपरिषद् बैठकले उक्त अध्यादेश स्वीकृतका लागि राष्ट्रपति कार्यालयमा पठाउनेसमेत निर्णय गरेको छ।

### सूर्यदर्शन सहकारी ठगी

## पूर्व प्रदेशसभा सदस्य गुरुङ पक्राउ

झापा(प्रस) । सूर्यदर्शन सहकारीको रकम ठगी एवं अपचलनको आरोपमा एमालेकी नेतृ एवं गण्डकी प्रदेश सभाकी पूर्व सदस्य मीना गुरुङ पक्राउ परेकी छन् । एमालेको मजदुर संगठन जिफन्टमा लामो समय काम गरेकी पोखरा-१२ रानीपौवा निवासी ६३ वर्षीया गुरुङ प्रहरीको फरार सूचीमा थिइन् । जिफन्टका पूर्वउपाध्यक्ष समेत रहेकी उनलाई निवासबाट प्रहरीले मंगलबार पक्राउ गरेको हो । उनलाई बुधबार जिल्ला अदालत कास्कीमा पेश गरिने कास्की प्रहरीका प्रवक्ता बसन्तकुमार शर्माले जानकारी दिए । पक्राउ परेकी उनलाई सहकारी ठगीको अभियोग लगाइएको छ । सहकारीको ठगी सम्बन्धमा आइतबार अभियोग पत्र दर्ता भएका ४४ जनामध्ये एमाले नेतृ गुरुङ समेत थिइन् । सूर्यदर्शन सहकारी स्थापना कालमा तत्कालीन तदर्थ समितिको सदस्य र पछि सञ्चालक समितिको उपाध्यक्ष भई काम गरेकी गुरुङ ०७४ सालमा गण्डकी प्रदेश सभामा समानुपातिकबाट सांसद बनेकी थिइन् ।०७९ को निर्वाचनमा भने उनी कास्की २ ख बाट पराजित भएकी थिइन् ।

## चार दशकदेखि सडक किनारमा श्रम गरिरहेका लक्ष्मीप्रसाद

द्रोण अधिकारी

भद्रपुर । उमेरले नौ दशकको छेऊ पुग्दै गर्दा पनि निरन्तर श्रम र पसिना बगाइरहेका कनकाई ७ लक्ष्मीपुरका लक्ष्मीप्रसाद दाहाल (८८ वर्ष) जीविकोपार्जनका लागि ४१ वर्षयता सडक किनारमा दाम्ला डोरी बाटिरहेका छन् ।

अहिलेसम्म आफ्नो घर नभएका अर्काको घरमा भाडा तिरेर बस्ने गरेका दाहाल, छोराको कमाइले मात्र घर चल्न नसकेपछि आफैं श्रम गरेर नून तेलको जोहो गर्न ४१ वर्षयता निरन्तर दाम्ला डोरी बाटेर त्यसलाई बिक्री गर्दा आउने पैसाले जीवनयापन गरिरहेका हुन् ।

पूर्व–पश्चिम राजमार्गको लक्ष्मीपुर चौकमा दैनिक दाम्ला डोरी बाटिरहेको भेटिने दाहालले जीवनयापनका लागि यही कार्यलाई पेशा बनाएको पनि एकचालीस वर्ष पूरा भइसकेको छ । घाम–पानी, जाडो–गर्मी सहेरै सडक किनारलाई कर्मथलो बनाएका दाहाल आफूलाई बाँचुञ्जेल कर्मशील बन्न चाहन्छन् ।



छोराले काम छोडेर आराम गर्न सुझाव दिने गरे पनि उनीहरूको कमाइले मात्र गाँस र बासको व्यवस्थापन सहज नहुने अवस्थाकै कारण सडक किनारमा श्रम पसिना बगाइरहेको बताउँछन् ।

सरकारले दिने बृद्धभत्ताले मुश्किलले दाल–चामको व्यवस्था गर्न सके पनि नून–तेल र तरकारीको जोहो गर्न दाम्ला डोरी बाट्नु पर्ने बाध्यता सुनाउँदै दाहालले ४० रूपैयाँदेखि ६० रूपैयाँसम्ममा बेचेका दाम्ला र डोरीबाट आउने पैसाले जीवन चलिरहेको बताए । जीवनको उत्तरार्द्धमा पनि निरन्तर काम गरिरहेका दाहाल रहरले भन्दा बाध्यताले श्रमशील हुनु पर्ने अनुभव सुनाउँछन् । उनी अर्काले दिन्छ र खाउँला भन्ने आशे जीवनबाट मुक्त हुन पनि दैनिक श्रम गरिरहेको प्रष्ट पार्छन् । उनी भन्छन् –“मेरो जीवन त उत्तरार्द्धमा पुगेको छ तर मन बाँचुञ्जेल निरन्तर श्रममा विश्वास गर भन्छ । त्यसैले श्रम गरिरहेको छु ।”

उनको निरन्तरको परिश्रम देख्नेहरूले नै दाम्ला डोरी किनेर लाने गरेको स्थानीय बताउँछन् । पुराना कपडा संकलन गरेर दाम्ला डोरी बनाउने दाहाललाई आफ्नो पेशाप्रति निकै गौरव महसुस हुने गर्छ । यही पेशाबाट अहिलेसम्म जीवनको गति सहज भइरहेको बताउने उनी काम ठूलो र सानो नहुने प्रष्ट पार्छन् । काम गरेर खानु महानता हो ढाँटेर, छलेर वा मागेर खानुचाहिँ नपरोस् भन्ने भावना बोकेका दाहाल बाँचुञ्जेल यही पेशा गरिरहने बताउँछन् ।

सडक किनारमा घाम–पानी सहेरै पेशालाई चार दशक पार गराएका दाहाल कर्मशील हातहरूका लागि श्रद्धा गर्न लायक श्रमजीवि मान्न सकिन्छ । शरीरले बुढ्यौली देखाए पनि जोश र श्रमले नवजवानजस्तै रहेका दाहाल गरिखानेका लागि उदाहरणीय व्यक्तित्व हुन् ।

# नेपाल जेसीजको राष्ट्रिय अध्यक्षमा रजनी थापा निर्वाचित

झापा(प्रस)। नेपाल जेसीजको राष्ट्रिय अध्यक्षमा रजनी थापा निर्वाचित भएकी छन् । इटहरीमा सम्पन्न भएको नेपाल जेसीजको ५१ औं महाधिवेशनबाट थापा विजयी भएकी हुन् ।

उनका निकटतम प्रतिस्पर्धी जीवन कार्कीलाई ३०९ को मतान्तरले पराजित गर्दै थापा निर्वाचित भएकी



हुन् ।
महाधिवेशनमा सर्वसम्मत नेतृत्व चयनको प्रयास भएपनि सहमति हुन नसकेपछि निर्वाचन भएको थियो । अध्यक्षको लागि थापा र कार्कीसहित रश्मी शिल्पकार, विजय गुरुङ, नरेशचन्द्र ओझा र सुनिल तिम्सिना आकांक्षी थिए । अध्यक्ष पदमा ५ जना आकांक्षी भएपनि सोमवार राति २ जनाबीच चुनावी प्रतिस्पर्धा भएको हो ।

थापाले ७६२ मत प्राप्त गर्दा कार्कीले ४५३ मत मात्र प्राप्त गरे । कार्यकारिणी उपाध्यक्षमा गणेश सापकोटा, एलिना महर्जन, कृष्ण सापकोटा र सौरभ श्रेष्ठ निर्वाचित भएका छन् ।

उपाध्यक्षहरूमा सन्दीप खत्री, दीपक अधिकारी, धनराज कँडेल, सुजन थापा काजी, संगम कार्की, बबिता पाण्डे, सुमित्रा भट्टराई, अभिषेक दुलाल, उज्वल काबरा, सुवास गौतम, राघव कोइराला र मनिप्रसाद अर्याल विजयी भएका छन् ।
नेपाल जेसीजको दोस्रो पटकको प्रयासमा निर्वाचित थापा सन् २०११ मा जेसीजको साधारण सदस्यको रूपमा प्रवेश गरेकी थिइन् ।

उनी सन् २०१२ मा उपाध्यक्ष, सन् २०१३ मा कार्यकारिणी उपाध्यक्ष, सन् २०१४ मा कोषाध्यक्ष, सन् २०१५ मा वरिष्ठ कार्यकारिणी उपाध्यक्ष, सन् २०१६ मा तालिम संयोजक, सन् २०१७ मा कार्यक्रम कार्यान्वयन संयोजक, सन् २०१८ मा विजनेश प्रमोसन संयोजक हुँदै सन् २०१९ मा मनहरा जेसीजको अध्यक्षको जिम्मेवारी सम्हालिसकेकी छन् ।
महाधिवेशनमा पर्यवेक्षक तथा अतिथि समेत गरी करिब ५ हजार बढीको सहभागिता रहेको जनाइएको थियो । महाधिवेशनको प्रधानमन्त्री केपी शर्मा ओलीले शनिबार उद्घाटन गरेका थिए ।

# बुवा र भाइको हत्या गर्ने मिलनले गरे आत्मसमर्पण



झापा(प्रस) । भक्तपुरको सूर्यबिनायक नगरपालिका-२ स्थित बालकोटमा मृत भेटिएका कुलप्रसाद आचार्य र छोरा प्रबिन आचार्यलाई परिवारकै सदस्यले हत्या गरेको पुष्टि भएको छ । बुवा र भाइको ' हत्या मैंले गरेको हुँ' भन्दै कुलप्रसादका जेठा छोरा मिलन आचार्यले प्रहरीमा आत्मसमर्पण गरेका छन् ।

सोमबार खोटाङको रुपाकोट मझुवागढी नगरपालिका-१ घर भएका ५६ वर्षीय कुलप्रसाद आचार्य र कान्छो छोरा २२ वर्षका प्रबिन आचार्य मृत भेटिएका थिए । जेठा छोरा मिलन फरार थिए । प्रहरीमा आत्मसमर्पण गर्दै मिलनले भनेका छन्, 'भाइ र बुवालाई मैले हत्या गरेको हुँ ।'

मिलनले प्रहरी वृत्त महाराजगञ्जमा आत्मसमर्पण गरेको उपत्यका प्रहरी कार्यालयका एकजना उच्च अधिकृतले बताए ।

# छिमेकीको छुरा प्रहारबाट घाइते

झापा(प्रस)। उदयपुरको त्रियुगा नगरपालिकामा छुरा प्रहारबाट एक युवक घाइते भएका छन् । सोमवार राति ११ बजे त्रियुगा नगरपालिका ११ संगमटोल बोक्से बस्ने २२ वर्षीय राहुल राईले शिवालय टोल बस्ने २४ वर्षीय उज्वल राईलाई छुरा प्रहार गरेका हुन् । राहुलले पुरानो विवादका कारण उज्वलमाथि छुरा प्रहार गर्दा उनको बायाँपट्टि पेटमा चोट लागेको छ । घाइतेलाई जिल्ला अस्पताल बोक्से उदयपुरमा ल्याई सामान्य उपचारपश्चात् थप उपचारको लागि न्युरो अस्पताल विराटनगर रेफर गरिएको छ । छुरा प्रहार गर्ने राहुल तत्काल फरार रहेकाले खोजतलास भइरहेको प्रहरीले जनाएको छ ।


## श्री कालिका आदर्श मिश्रित कृषक समूह

**झापा गाउँपालिका- ६, झापा**

## शिलबन्दी दररेट पेश गर्ने सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मिति–२०८१/०९/१०**

प्रस्तुत विषयमा यस कालिका आदर्श मिश्रित कृषक समूह, झापा गा.पा.-६. झापा र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, झापाबिच भएको सम्झौता अनुसार यस समूहले संचालन गर्ने जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण कार्यक्रमअन्तर्गत तपशिलको स्पेशिफिकेसन अनुसारको रवर ट्र्याकवाला कम्वाईन हार्भेष्टर १ थान खरिद गर्नु पर्ने भएको हुँदा इच्छुक सप्लायर्सले निम्नानुसारको स्पेशिफिकेसन अनुसारको सामग्रीको शिलबन्दी दररेट यो सूचना प्रकाशन भएको ३० औ दिन मिति २०८१/१०/११ गतेभित्र यस श्री कालिका आदर्श मिश्रित कृषक समूह, झापा गा.पा.६. झापामा पेश गर्न आव्हान गरिन्छ। **तपशिलः**

**combine Harvester (rubber track)**

Self Propelled Crawler Type whole feed, Rubber Track, Engine: No. Of Cylinder 4, Turbocharger 85-102 HP, Maximum 76 PS, 2400-2600 RPM. Cooling System Water Cooled, Head feed type, Threshing drum with peg tooth min dia 600mm, min length 765mm, RPM adjustment Mechanically. Fuel Tank Capacity 140 Ltr or more. Grain tank capacity at least 1.4 m3 or more. Cutter Bar Width 2100 mm to 2700mm, Height Adjustment Hydraulically, Reel diameter 1000 mm, Cutting Height Max. 700 mm. Reel Type Pickup, Speed Adjustment Mechanically, Height Adjustment Hydraulically, Grain cleaning system with vibrating Screen and fan, Ground clearance min. 350mm. Minimum Gear 3 Forward and 1 Reverse

नोटः १. कोटेशन पेश गर्दा मूल्य अभिवृद्धि कर (ख्बत) सहितको मूल्य, कम्पनीको नाम, ब्राण्ड, स्पेशिफिकेसन स्पष्ट खुलाउनु पर्ने छ।
२. सामग्री कालिका आदर्श मिश्रित कृषक समूह, झापा गा.पा.-६. झापासम्म ढुवानी, जडान, तालिम गर्दाको शर्त र अवधि समेत उल्लेख गर्नु पर्नेछ।
३. शिलबन्दी दररेट कोटेशन छनौट सम्बन्धी अन्तिम निर्णय कालिका आदर्श मिश्रित कृषक समूहमा निहित रहनेछ ।
४. शिलबन्दी दररेट यस कालिका आदर्श मिश्रित कृषक समूह, झापा गा.पा.-६, झापामा बुझाउनु पर्नेछ ।
५. कम्पनीको डिस्ट्रीव्युटर अथोराईजेशन लेटर, पर्फमेन्स लेटर, कम्पनी नवीकरण गरिएका आदि कागजात बुझाउनु पर्नेछ ।
६.शिलबन्दी दररेट पेश गर्ने सप्लायर्स प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, झापामा सूचीकृत भएको हुनु पर्नेछ ।
७) एक सिजनको लागि अपरेटर उपलब्ध गराउनु पर्ने छ ।
नोटः मासिक सेलरी संचालकले उपलब्ध गराउने छ ।
**थप जानकारीका लागि सम्पर्क टिकाप्रसाद शिवाकोटी फोन नः ९८०४९८०७७३**

**(खरिद समिति संयोजक)**






## हिमालयन लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

## हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | pli1230001900 | निर्जला लिम्बु | इलाम |


# राहत कोषलाई व्यवसायी श्रेष्ठको सहयोग



झापा(प्रस) । हाम्रो ढुवानी सेवाका सञ्चालक तथा युवा व्यवसायी पदम श्रेष्ठले आफ्नो जन्मदिनको अवसर पारेर बिर्तामोड उद्योग वाणिज्य संघले स्थापना गरेको व्यवसायी राहत कोषलाई सहयोग गरेका छन् । संघको कार्यालयमा आयोजित संक्षिप्त कार्यक्रमकाबीच श्रेष्ठले २१ हजार एक सय २१ रुपैयाँ सहयोग गरेका हुन् । उनले संघका अध्यक्ष राजु न्यौपानेलाई उक्त रकम प्रदान गरेका थिए । संघले स्थापना गरेको कोष अत्यन्त राम्रो रहेको र कोषमा एक करोड रुपैयाँ मात्र होइन त्योभन्दा धेरै रकम जुटाएर व्यवसायीलाई आपत विपत परेको बेला सहयोग गर्नु पर्ने उनको भनाई छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख गणेश पौडेलको विशेष आतिथ्यमा आयोजित कार्यक्रममा वाणिज्य संघले श्रेष्ठलाई कदरपत्र प्रदान गरेको थियो । संघले स्थापना गरेको राहत कोषमा रकम वृद्धिका लागि सहयोग पुऱ्याएको भन्दै कदरपत्र प्रदान गरिएको थियो ।
सो अवसरमा कोहिनुर ढुवानी सेवाका हेमराज अधिकारी, पूर्वाञ्चल वेकरीमा सञ्चालक प्रल्हाद अधिकारी , व्यवसायी नवीन भण्डारी, पूर्वेली ढुवानी सेवाका सञ्चालक निर्मलराज खत्री, मोवाइल व्यवसायी महासंघका महासचिव सञ्जय शाहलगायतले श्रेष्ठको कार्यप्रति उच्च प्रशंसा गरेका थिए । कार्यक्रमको सञ्चालन महासचिव कुशल खतिववडाले गरेका थिए ।


## जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौं

- हुस्सु, कुहिरो र शीतलहरका बेला सवारी दुर्घटनाको उच्च जोखिम हुन सक्छ,
- सावधानीपूर्वक सवारी साधन चलाऔं,
- सवारी चलाउनु पूर्व सवारीको यान्त्रिक परिक्षण गरौं,
- हुस्सु, कुहिरो र शीतलहरको बेला बत्ति (फग लाइट) बालेर मात्र सवारी साधन चलाऔं,
- बाक्लो कुहिरोको समयमा अवश्यकता अनुसार हर्नको प्रयोग गरौं,
- तिब्र गतिमा सवारी साधन नचलाऔं,
- सवारी साधन रोक्नुपर्दा संकेत दिई सडक किनारामा मात्र रोक्ने गरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- जथाभावी बाटो नकाटौं, बाटो काट्दा शतर्क रहौं,
- सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## श्री स्वरोजगार भवानी बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड, झापाको

## साधारणसभामा उपस्थित हुने बारेको सूचना

यस संस्थाको **१७औं बार्षिक साधारणसभा तथा छैठौं निर्वाचन अधिवेशन**, सहकारी संस्थाको साधारणसभा (कार्यव्यवस्था) निर्देशिका २०७६ स्वीकृति २०७७ बमोजिम तपसिल बमोजिमको कार्यक्रमहरु निम्न अनुसार सेवा केन्द्रस्तरमा सञ्चालन गरिने भएको हुँदा उक्त कार्यक्रममा संस्थाका शेयर सदस्यहरुको गरिमामय उपस्थिति र सक्रिय सहभागिताको लागि हार्दिक अनुरोध गरिन्छ ।
**तपशिल :**

| सि.नं. | सेवा केन्द्र | मिति | कार्यक्रम स्थान |
|---|---|---|---|
| १ | १. धुलाबारी, २. काकरभिट्टा, ३ बाहुनडाँगी ४. चारआली ५. इलाम, ६. फिक्कल, ७. पशुपतिनगर, ८. समालबुङ (श्री अन्तु) | ९/२२/२०८१ | अतिथि सदन, धुलाबारी |
| २ | १. उर्लाबारी | ९/२३/२०८१ | बौद्ध गुम्बा, स्कुलडाँडा उर्लाबारी |
| ३ | १. दमक, २. केरखा, ३. गौरादह | ९/२४/२०८१ | मारवाडी सेवा समितिको हल, दमक |
| ४ | १. सुरुङ्गा, २. दुधे, ३. शिबगञ्ज, ४. लक्ष्मीपुर, ५. राजगढ | ९/२५/२०८१ | सतासीधाम सामुदायिक अध्ययन केन्द्र दूधे बजार पश्चिमदेखि दक्षिण १०० मिटर |
| ५ | १. शनिश्चरे, २.खुदुनाबारी, ३.दानाबारी, ४. बुधबारे | ९/२६/२०८१ | कैदले सामुदायिक हल, खुदुनाबारी |
| ६ | १. भद्रपुर २. बनियानी | ९/२७/२०८१ | एनसीडीसी भवन, चन्द्रगढी |
| ७ | १. बिर्तामोड, २. गरामनी, ३. बुट्टाबारी, | ९/२८/२०८१ | सामुदायिक हल गरामनी बजार, मन्दिर दक्षिण |

माइन्यूट निर्णय प्रमाणीकरण साधारणसभाका लागि अनिवार्य रुपमा सेवा केन्द्र स्तरीय साधारणसभाबाट प्रतिनिधि छनौट भएको हुनुपर्ने छ ।
**सेवा केन्द्र कार्यालयहरुको निर्णय प्रमाणीकरण साधारणसभा :**
मिति २०८१ पौस २९ गते सोमबार, समय : बिहान ११ बजेबाट, स्थान : अग्रसेन भवन, बिर्तामोड

**केशब बस्नेतः अध्यक्ष**



## श्री स्वरोजगार भवानी बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड–५, झापाको

## साधारणसभा र निर्वाचन सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय कोशी प्रदेश इनरुवा, सुनसरीको च.न. ४१६ मिति २०८१/०९/ ५ को पत्र अनुसार साधारणसभा गर्न निर्देशन प्राप्त भए बमोजिम मिति २०८१/०९/२९ गते १७ औं बार्षिक साधारणसभा सम्पन्न गरिने भएकोले सो साधारणसभा हुनु भन्दा अगावै सहकारी ऐन २०७४ को दफा ४५ ( ५ ) मा ब्यवस्था भए अनुसार उपाध्यक्ष १, सचिव १, कोषाध्यक्ष १ र सदस्य २ गरी जम्मा ५जना, सहकारी ऐनको दफा ४१ (२) बमोजिम तेत्तीस प्रतिशत महिला पद सुनिश्चित हुने गरी स्वच्छ, पारदर्शी, विवादरहीत, निष्पक्ष तवरबाट उप निर्वाचन सम्पन्न गर्नुपर्ने भएकोले निम्न अनुसारको निर्वाचन कार्यक्रम सम्पूर्ण शेयर सदस्यहरुलाई जानकारीका लागि सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | निर्वाचन कार्यक्रम | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १ | मतदाता नामावली प्रकाशन | २०८१/०९/२२ | ११:०० बजेदेखि १२:०० बजेसम्म | संस्थाको मुख्य कार्यालय बिर्तामोड |
| २ | मतदाता नामावली सच्याउन थप गर्ने, छुट समावेश गर्ने | २०८१/०९/२२ | १२:० बजेदेखि १:००० बजेसम्म | |
| ३ | मतदाता नमावली उपर दावी विरोध | २०८१/०९/२२ | ०१ बजेदेखि ०१:३० बजेसम्म | |
| ४ | अन्तिम मतदाता नामावली प्रकाशन | २०८१/०९/२२ | ०३ बजेदेखि ३:३० बजेसम्म | |
| ५ | उम्मेदवारको मनोनयन दर्ता | २०८१/०९/२३ | १०:०० बजदेखि १२:०० बजेसम्म | |
| ६ | उम्मेदवारको नामावली प्रकाशन | २०८१/०९/२३ | १२:०० बजेदेखि ०१:०० बजेसम्म | |
| ७ | उम्मेदवार उपरदावी विरोध | २०८१/०९/२३ र २४ गते | १:०० बजेदेखि ४: ०० बजेसम्म १०:०० बजेदेखि १२:३० बजेसम्म | |
| ८ | दावी विरोध पश्चात पुनः नामावली प्रकाशन | २०८१/०९/२४ | १२:०० बजेदेखि १२:३० बजेसम्म | |
| ९ | उम्मेदवारको मनोनयन फिर्ता | २०८१/०९/२४ | १२:०० बजेदेखि २:०० बजेसम्म | |
| १० | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८१/०९/२४ | २:०० बजेदेखि २:१५ बजेसम्म | |
| ११ | मतदान | २०८१/०९/२६ | १०:०० बजेदेखि ४:०० बजेसम्म | |
| १२ | मत गणना | समाप्त भए पश्चात | | |
| १३ | परिणाम घोषणा | मतगणना सम्पन्न पश्चात | | |

नोट : मतदान गर्न उपस्थित हुँदा नेपाल सरकारबाट जारी गरिएको आफ्नो परिचय खुल्ने नागरिकत्ता, सवारी चालक पत्र वा राष्ट्रिय परिचय पत्र अनिवार्य लिएर आउनु पर्ने छ ।

**निर्वाचन समिति**
**श्री स्वरोजगार भवानी बचत तथा ऋण सहकारी संस्था लि.**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# क्रिसमसको शुभकामना

आज क्रिसमस डे अर्थात् इसाई धर्मका प्रवर्तक (जिसस) प्रभु यशुको जन्मदिन हो । मानव समुदायले आफ्ना देवता, अगुवा अनि सम्माननीय व्यक्तित्वहरुको जन्मदिन व्यापक उत्साह अनि सद्भावका साथ मनाउने गर्दछन् । आज भने इसाई धर्मका प्रवर्तक जिसस अर्थात् प्रभु यशुको जन्मदिनलाई इसाई धर्मावलम्वीहरुले पर्वका रुपमा धुमधामका साथ मनाउँदै छन् । हिन्दुहरुको महान पर्व दशैं, तिहार जस्तै इसाई धर्मावलम्वीहरुले पनि महान पर्व क्रिसमस डेलाई लिने गर्दछन् । नेपालमा विभिन्न जातजाति, भाषा, धर्म मान्ने मानिसहरुको बसोबास रहेको छ । त्यसमध्ये आज इसाई धर्मका अनुयायीहरूले हर्षोल्लासका साथ क्रिसमस मनाउँदै छन् । नेपाललगायत विश्वका विभिन्न देशहरुमा आज एकै साथ यो पर्व मनाइदै छ ।

चिसो मौसमसँगै मनाईने यो पर्व क्रिसमसका धेरै पाटाहरु हिउँसँग जोडिएका छन् । विभिन्न प्राचीन यूरोपियन दस्तावेजका अनुसार क्राईस धर्तीमा आउनुपूर्व नै हिउँदको यो मध्य समयमा आगो र प्रकाशको चाड मनाइने कुरा उल्लेख छ । समयसँगै आजको दिनलाई क्रिसमसका रुपमा मनाउन थालिएको हो । इस्वी संवत्का अनुसार हरेक वर्षको डिसेम्बर २५ लाई क्रिसमसका रुपमा मनाइन्छ भने केही देशहरुले डिसेम्बर २४ मा पनि मनाउने गर्दछन् । इस्वी सम्वत् लाई क्राईसको जन्म अगाडि र एनोनो डोमिनी क्राईस पछाडी गरी दुई भागमा बाँडिएको छ । आज यसै उपलक्ष्यमा संसारभरि नै उपहारहरु साटासाट गरिंदै, क्रिसमस रुख सिङ्गार्दै, भोज आयोजना गरेर अनि गिर्जा घरहरुमा गएर क्रिसमस मनाइदै छ । नजिकै जङ्गल हुने समुदायमा घरका पुरुषहरु जङ्गल गएर ठूला रुखका मुडाहरु काटेर ल्याउने र आँगनमा बालेर यो पर्व मनाउने गरिन्छ । क्रिसमसको ठूलो आकर्षण भनेको सान्टा क्लस हुन्, रातो टोपी लगाएका अनि सेतो दाह्री, जुङ्गा भएको मोटोघाटो ठूलो शरीरको साधुले सबैलाई उपहार दिने र खुशी बाँड्ने जनविश्वास रहेको छ । हरेक चाडपर्वहरुको आ–आफ्नै महत्व रहेको हुन्छ । ती चाडपर्वहरुलाई धर्मको रुपमाभन्दा पनि उत्साहका रुपमा लिन जरुरी छ । यसर्थ आज परेको क्रिसमस डेको सबैमा शुभकामना ।




# लागूपदार्थको डढेलोबाट भावी पुस्तालाई जोगाऔं


• इन्दद्रप्रसाद ओली

'देश'-को पूर्ण परिभाषाको सम्पूर्ण अङ्गमा एउटा अनिवार्य, महत्वपूर्ण र अपरिहार्य अवयव भनेको 'नागरिक' हो । नागरिक जीवन आफू र आफ्नो देशप्रति लापर्वाह, उदासिन, निराश र उद्विग्न बन्नु अन्ततः देशको भविष्य स्वयम् भाराक्रान्त, कमजोर र खतरायुक्त बन्नु हो । अतः अनेक प्रकारले अहिले हाम्रो देशको देख-अदेख धरातलीय सामाजिक अभ्यासको स्थिति यस्तै छ एकातिर कुल नागरिक संख्याको घटीमा एक-तृतीयांश ऊर्जावान वयस्क, युवा-युवती तथा कलिला किशोर-किशोरी समेत विदेशी भूमिमा छन् । खेतबारी , घर, गोठ आदिमै निर्विकल्परूपमा निर्भर जनसंख्याको ठूलो हिस्साका किसान-श्रमजीवीहरूको समेत विभिन्न कारणले उपायहीन बनी विदेश पलायनको बाटो रोजाइले देशको ऊर्बर माटो बाँझिँदै गएको अवस्था छ र क्रमिकरूपमा बढ्दो विदेशी पाइतालाको दच्को र विदेशी उत्पादनको घोषित-अघोषित थिचोमिचोले यो भूमि अझ रित्तिँदै र निजी उत्पादकत्व खेर फाल्दै अप्राकृतिक बञ्जार बन्दै गएको छ। त्यसरी नै, अर्कातिर देशमा रहेका कलकलाउँदा किशोर-किशोरीदेखि वयस्कसम्म लागूपदार्थका घातक व्यसनमा फस्दै गएका छन् । यी दुई पक्ष पनि कुनै न कुनै किसिमले अन्तर-सम्बन्धित छन् भनेर बुझिन थालिएको छ । यो स्थितिमा खासगरी, विनाशकारी कुलत-संक्रमणको रोकथाम-नियन्त्रण कसले गर्ने भन्ने सवालमा राज्यले सैद्धान्तिकरूपमा सचेत वा सजग भइरहेको आभास विगत लगभग छ दशक( २०२३ साल)देखि दिँदै आइरहेको पाइन्छ , तर व्यावहारिक अभ्यासमा वा कार्यान्वयनमा विल्कुलै असफल हुँदै आएको छ । राज्यबाट वि.सं. २०२३ देखि क्रमशः ०३१, ०३३, ०३५, ०६३, ०६६, ०६८, ०७०, ०७५ मा तीनवटा, ०७६, ०७९ साल हुँदै २०८० सम्मको ५८ वर्षमा लागूपदार्थ, लागू औषध आदिका जीवनघाती प्रयोगको दुर्व्यसन र ओसार-पसार कारोबारको नियन्त्रण र कारवाही सम्बन्धी एक दर्जनबढी ऐन-कानून, निर्देशिका, मार्गदर्शन आदि रचना हुँदै किताब-पुस्तिकाहरूका निर्जीव पाना र मौन अक्षरहरूमा थन्किँदै आएका छन् । ती सबैका दफा-दफा विवरण, ठूलो प्रयत्न र परिश्रमले, मेरो पछिल्लो पुस्तकाकार कृति 'दिव्य दृष्टि'-मा अक्षरशः प्रस्तुत गरिएको छ । ती ऐन-कानून र निर्देशिकाहरू अभ्यासपटमा पूर्णतः निष्प्रभावी रहेका छन् । यही क्रम रहिरह्यो भने यो देश बूढा नागरिकहरूको 'बृद्धाश्रम' मात्रमा सीमित हुनजाने निश्चितप्रायः छ भने नयाँ पिँढीमा डढेलोको रूपमा सल्किरहेको दुर्व्यसनको आगोले समेत 'भूसको आगो' बनेर भित्रभित्रै डढाइरहेको छ । यो डरलाग्दो महामारीलाई समयमै नियन्त्रण गरिएन भने यसले देशलाई साँच्चै 'जिउँदा लासहरूको देश' बनाउने पनि निश्चित नै छ । यो कति दुःखद भविष्यको संकेत हो ? - देशका प्रति संवेदनशील बनेर समय थला नपर्दै सोचौं । त्यसो भएकाले, कसै न कसैले त यो विनाशकारी महामारीको बढ्दो प्रकोपविरुद्ध कम्मर कसेर अगुवाइ गर्नै पर्दछ भन्ने व्यक्तिगत सदाशयबाट अभिप्रेरित भएर मैले विगत २१ वर्षदेखि अविच्छिन्नरूपमा यो अभियान चलाइआएको हुँ । 'दिव्य दृष्टि' पुस्तक त्यही अभियानद्वारा निस्पन्न प्रथम दस्तावेज हो भन्ने म यसै पुस्तकका अक्षर र शब्दका आधारमा घोषणा गर्दछु । यो अवधारणा राखिरहँदा र 'दिव्य दृष्टि' मेरो पाँचौं पुस्ताकार कृति हुँदाहुँदै पनि यसलाई, यो विद्रुप समस्या विरुद्धको मेरो निष्ठापूर्ण अभियानको वर्तमान सशक्तीकरण-चरणको, पहिलो पाइलो मानेको छु । पुस्तकाकार कृतिको गन्ती यस्तो विषयगत लेखनका सन्दर्भमा महत्वपूर्ण हुँदैन भन्ने मेरो बुझाइ छ । किनभने, मैले लागूपदार्थ विरुद्धको मेरो २१ वर्षे अभियानकालमा यो पुस्तकका पन्ना तथ्यपरक बनाउन सबभन्दा बढी समय र परिश्रम गरेको छु । सायद त्यसैकारण अक्षरखेतीका चिन्हित झापाली कलमी हलिहरूले यो पुस्तकलाई 'सबैले पढ्नैपर्ने पुस्तक' भनेर किटानका साथ भनेका हुन् । यी अक्षरहरूमा मेरो किञ्चित आत्मश्लाघा छैन । वस्तुतः यो पुस्तक गत असोज १९ गते नै लोकार्पित भइसकेको हो । यद्यपि राज्यका जिम्मेवार सबै विभागीय अड्डा र तिनका अख्तियारशाली प्रमुखहरू सदरमुकाममा रहने हुँदा उहाँहरूका नजिकै आएर यस पुस्तकमा मेरा अध्ययन - अनुभवमा सन्निहित आवाजलाई स्वर दिन आवश्यक ठानियो र पुनः दोस्रो पटक जिल्ला सदरमुकाम चन्द्रगढीमा पनि लोकार्पण गरियो । यस्तो किन ठान्नु परेको हो त ? - भन्ने सवालको विस्तृत जवाफ पनि अभियानका आगामी कार्य-प्रकरणहरूमा क्रमशः व्यवहार र अभ्यासबाट स्पष्ट पारिने सोच पनि बनाइएको छ । अन्ततः एउटा पुस्तकको लेखकले कुनै विकराल समस्याका नालीबेली-सूत्रहरू र तिनको समाधानका उपायहरू दिने मात्र हो । अथवा, क्षमता र संकलित प्रमाणहरूले भ्याएसम्म उजागर गरिदिने नै मात्र हो - ऊ आफैले समाधानको हक राख्तैन, क्षमताले भ्याउन सम्भव पनि छैन । राज्यलाई सूचना दिने विश्वस्त र आधिकारिक अख्तियारबाहक ( ायकबा चभउयचतष्लन बगतजयचष्तथ या तजभ कतबतभ ) निकायरूपी सरोकारीहरूकै आँगन-कराँसामा उभिएर, यसकारण पनि, यो पुस्तकको अर्को पटक लोकार्पण गर्न 'सदरमुकाम क्षेत्र' छान्नुपर्ने आवश्यकता अनुभूत गरिएको हो । यसलाई सरकारी समाजका प्रतिको हाम्रो सहयोगी भावनाको उत्सर्जन मानिदिनु हुन र सो बमोजिम व्यावहारिक अभ्यासपटमै अवतरण गराइदिन तथा यो अभियानका प्रति सहधर्मीको कर्तव्य निर्वाह गर्ने कार्यमा काम-कर्मले नै अवतरित हुन सजिलो होस् भन्ने यो अभियान संयोजक संस्थाको निश्छल आग्रह पनि थियो ।

अर्थात् , विगत २१ वर्षदेखि अविश्रान्त अभियानरत यो चेतना नेपाललाई हालसम्म थपिँदै आएका सहृदयी सद्भाव, यस अभियानप्रतिको बढ्दो चासो र अभिरुचि एवम् साथ-संगति अत्यन्तै उत्साहप्रद छ । यसबाट यो अभियान शतशः प्रेरित छ - क्रमशः हामी हाम्रो यो निष्काम अभियानमा समृद्ध बन्दै गएको अनुभूति गर्दै गइरहेका छौं ।

लागूपदार्थ - लागूऔषधको कुलतले हाम्रो भविष्यका जिम्मेवार नागरिकहरूलाई पथभ्रष्ट र जर्जर तुल्याई यो सर्वभावेन स्वच्छ र शीतल समीरले इतिहासको अनादिकालदेखि नित्य अभिषिक्त भूमिलाई रित्तो, उच्चाटलाग्दो, रुखो, लथालिङ्ग र भताभुङ्ग पार्ने कलुषित अभीप्सा राख्ने पाखण्डी, चाहे ती जोसुकै हुन् , ती हाम्रा परम शत्रु हुन् र तिनलाई दुरुत्साहित गरी त्यस दुष्कर्मबाट लगार्नै पर्दछ । तिनीहरूविरुद्ध हाम्रो यो अभियान एउटा युद्ध हो । हामी यस देशको हरेक कित्ता-कान्लाका नागरिकले परार्थको सद्भाव राखेर लागूपदार्थको प्रयोग र यस आत्मघातक-चरित्रघातक-समाजघातक वस्तुको ओसारपसार-व्यापारको पाखण्डी धन्दा र त्यसका उपभोक्ता बन्नेहरूका विरुद्धको लडाइँमा सबैले एउटै आवाजमा एकताबद्ध भएर आफूलाई योद्धा करार गरून् भन्ने हाम्रो हार्दिक आग्रह हो । त्यस सन्दर्भमा हामीले महाभारत युद्धका सर्वोपरि योद्धाको - "एउटा सक्कली योद्धालाई जिउ-ज्यानको होइन, पराजयको डर हुन्छ"-भन्ने महावाणीलाई आत्मसात् गर्ने बलियो अठोट लियौं भने यो युद्ध सहजै जितिन्छ । यद्यपि, लागूपदार्थका कालो व्यापारबाट अकुत धन बटुलिरहेका साहूहरू कमजोर छैनन्, तिनबाट कमिसन हसुरेर राज्यलाई थाङ् नामा सुताइरहेका राज्यकै दाना-पानी भोगी स्वार्थगन्ध भ्रष्टहरू पनि यो समस्याको बिस्तृतीकरणमा मात्र होइन संक्रमण सक्रिय बनाउनमा समेत कम मद्धतगार छैनन् भन्ने अनेक घटनाका सन्दर्भमा हामीले जानकारी पाएका छौं । माथि उल्लेख भएका, राज्यद्वारा प्रतिपादित उत्तिका ऐन-कानून, नीति-निर्देशिकादि छल्न स्थलगत रूपमै चल्ने छलछामकै कतिपय कारण पनि यस विषयमा राज्यले दोष भोग्न परेको कुरालाई पनि पटाक्षेप गर्न मिल्दैन । हरेक स्थानीय प्रशासनका धरातलीय कर्मी (नचयगलम धयचपभच)-हरूमध्ये कतिपय यस्ता गम्भीर विषयमा गैरजिम्मेवार र साना-ठूला आर्थिक लाभका लालची भइदिँदा हुने अल्मलबाट नै पनि 'राज्य' आलोच्य बनेका घटना पनि ढाकछोप गरिनु न्याय हुँदैन भन्ने समेत हामीमा अनुभूत छ । यसका अतिरिक्त, परिवार-परिवारवृत्त केन्द्रित मनोविज्ञान त सुधार र विकृतिका मूलतत्व मानिनु पनि गलत हुँदैन । परिवारका अभिभावकहरूले मात्र सुधारमुखी कठोरता अवलम्बन गरिदिँदै आफ्ना अनुजहरूलाई यस कलङ्की दुर्व्यसनबाट जोगाइदिने हो भने यो समस्याको समाधानमा ठूलो मद्दत पुग्नेछ । हाम्रा कतिपय अभिभावकहरू आफ्ना सन्तानका बाह्य गतिविधि बारेका सुन्न नचाहने पनि हामीले यो दुर्व्यसन बिरोधी अभियानकामा भेटेका छौं ।यसो गर्नु भनेको मायाले सुमर्ने निहुँमा तिनका भविष्यका पति अन्ध-निश्चिन्त बनी कोतर्नु हो । अर्थात् , यी यावत विषयलाई हृदयङ्गम गरेरै पनि चेतना नेपालद्वारा मेरो यो कृति 'दिव्य दृष्टि'-को सदरमुकाममा पुनः गत मङ्सिर २९ गते दोस्रो पटक लोकार्पण गरिएको हो ।

लागूपदार्थहरूको व्यसनद्वारा देशको सामाजिक,आर्थिक, सांस्कृतिक संरचनाहरू मात्र होइन जातीय परम्परागत परिचायक निधिहरू नै पनि भत्किएर असरल्ल बन्ने सम्भावना समेत कमजोर छैन । यो विश्वव्यापीरूपमा प्रकीर्ण विग्रहकारी, विखण्डनकारी, चरम अनुत्पादक र अनपेक्षित समस्याबाट बन्दुक र बारुदको युद्धभन्दा प्रभावी विध्वंशहरू निम्तिँदै गएका छन् । यसबाट धनी र सम्पन्न राष्ट्रहरूको जिजीबिषा त जोगिइरहला नै , तर हाम्रो जस्तो विपन्न, निर्बल र छिमेकी-विदेशी भूगोलबन्दी राष्ट्रलाई आफ्नो मौलिक अस्तित्वमा जीवन्त रहन साह्रै मुश्किल पर्ने अवस्था यो अभियानकाल-सान्दर्भिक गतिविधि सञ्चालनक्रममा हामीले देखेका छौं । हाम्रो देशको भूगोलका प्रति आत्मनिवेदित हरेक नागरिकले आफ्नो निष्कलंक र समृद्ध अस्तित्वको दीर्घायु निम्ति पारस्परिक भावनात्मक र व्यावहारिक रूपमा सोच्नुपर्ने आजको उपल्लो देशभक्तिको भाव हो र त्यसै सोच-अवधरणाबाट यो अभियान उत्सर्जित भएको हो । हामी सबैको प्रयत्नलाई एउटै व्यानर अन्तर्गत एकत्रित र सबलीकरण गर्न सकियो भने यो समाजघाती-राष्ट्रघाती भष्माशुररूपी समस्याको समाधान अवश्य हुनेछ । यस अभियानको अन्तर्कथा-अन्तर भावधारा निःशंक एवम् गम्भीरतापूर्वक बुझिदिन म स्थानीय प्रशासन, सुरक्षा निकायहरू, विभिन्न तप्काका नागरिक समाजलगायत नीति निर्माता तीनै तहका सरकारहरू, सूचनासेवा-साहित्यसेवा जस्ता समाजका सचेतक सेवामा प्रवृत्त बौद्धिकहरू तथा अनभिज्ञ अवस्थाका किशोर-किशोरी तथा संगतका कारण यो व्यसनमा फसेका युवा-युवतीमा सुधारको भावना जाग्रत गराउन अहम् भूमिका रहने अभिभावकवर्गमा समेत हाम्रो अभियान संस्था 'चेतना नेपाल' विशेष अपेक्षा राख्दछ ।

# आधारभूत स्वास्थ्य सेवाको गरिमा


• बलराम शर्मा चौलागाईं

राज्यको पुनर्संरचनापछि ४६० गाउँपालिका, २७६ नगरपालिका, ११ उपमहानगरपालिका र छ महानगरपालिकासहित ७५३ वटा पालिका स्थानीय सरकारका रूपमा सञ्चालित छन् । गाउँ र नगरस्तरीय प्रशासनिक एकाइको सङ्गठनात्मक संरचनास्वरूप विद्यमान पालिकाको दायित्व सर्वोपरि छ । स्थानीय सरकारको अभिन्न अङ्गका रूपमा रहेका पालिकाले आफ्नो क्षेत्रभित्र व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकासम्बन्धी सबै अधिकार प्रयोग गर्न सक्छन् । जनताको घरदैलोमै प्रशासनिक अङ्ग रहेका पालिकालाई छ हजार ७४३ वटा वडा कार्यालयमा विभाजन गरेर प्रत्येकलाई अधिकारसम्पन्न बनाइएको छ । सिंहदरबारको अधिकार गाउँमा पुऱ्याउने लक्ष्य लिएका स्थानीय निकायले आफ्नो कार्यक्षेत्रभित्रका सबै काम निर्धक्कसँग गर्न पाउँछन् । पालिकाभित्रका नागरिकको स्वास्थ्य सेवालाई प्राथमिकतामा राखेर अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति तर्जुमा गर्ने काम स्थानीय सरकारको हो । वर्तमान संविधानले आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकका रूपमा समावेश गरेर जनतालाई निःशुल्क उपलब्ध गराउने लक्ष्य राखेको छ । चिकित्सा विज्ञानले स्वास्थ्य सेवालाई आधारभूत, जटिल र अति जटिल गरी तीन तहमा विभाजन गरेको छ । देश विकासका लागि स्वस्थ जनशक्ति तयार गर्न चुस्त, समयसाक्षेप र सबैको पहुँचमा स्वास्थ्य सेवा उपलब्ध हुनु अनिवार्य छ ।

राज्य पुनर्संरचना हुनुअघि गाविसस्तरीय चार हजारभन्दा बढी स्वास्थ्य चौकीले आधाभूत स्वास्थ्य सेवाको जिम्मेवारी समालेका थिए । त्यो क्रम अहिले पनि यथावत् छ । हेल्थ असिस्टेन्टको नेतृत्वमा सञ्चालित स्वास्थ्य चौकी स्थानीय जनताका लागि आधारभूत स्वास्थ्य सेवा पुऱ्याउने भरपर्दा माध्यम हुन् । गाविस र इलाकास्तरीय स्वास्थ्य चौकीका अतिरिक्त २०५ वटा निर्वाचन क्षेत्रका प्राथमिक स्वास्थ्य सेवा केन्द्रले पनि आधारभूत स्वास्थ्य सेवाको अभिभारा समालेका थिए ।

तत्कालीन स्वास्थ्य सेवाको केन्द्रीकृत प्रणालीद्वारा सञ्चालित यी स्वास्थ्य संस्थाको समन्वय, रेखदेख र व्यवस्थापनको जिम्मेवारी स्वास्थ्य मन्त्रालय, विभाग हुँदै जिल्लास्तरीय स्वास्थ्य कार्यालयले गर्दै आएका थिए । अहिले यी सबै ग्रामीण स्वास्थ्य संस्था पालिकामातहत परिचालित छन् । आधुनिक चिकित्सा पद्धतिका अतिरिक्त आयुर्वेद, युनानी जस्ता वैकल्पिक स्वास्थ्य सेवा पुऱ्याउँदै आएका संस्था पनि स्थानीय सरकारमार्फत नै सञ्चालनमा ल्याइएको छ । मुलुक संघीयतामा गएपश्चात् जिल्लास्तरका सबै अस्पतालको व्यवस्थापन प्रदेश सरकारमार्फत हुँदै आएको छ । पालिकामातहतका सबै स्वास्थ्य निकाय स्थानीय सरकारकै निगरानीमा राखिएको हुँदा प्राविधिक व्यवस्थापनको चाँजोपाँजो नमिलेकाले अपेक्षाकृत लाभ लिन सकिएको छैन । यसअघिका २०५ प्राथमिक स्वास्थ्य सेवा केन्द्रलाई स्थानीय तह अन्तर्गतको पालिकास्तरीय अस्पतालमा परिणत गरेर स्तरवृद्धि गरिएको छ ।

बजेट, जनशक्ति सबै केन्द्र सरकारको परिचालनको जिम्मेवारी पालिकालाई सुम्पिँदा सुपरिवेक्षण, समन्वय र निर्देशनको खडेरी परेको छ । यसतर्फ राज्यको ध्यान जानु जरुरी छ । एमबिबिएस वा सोभन्दा माथिका चिकित्सकको प्रत्यक्ष निगरानीमा रहेर सहयोगीको भूमिका निभाउने हेल्थ असिस्टेन्ट वा सो सरहका स्वास्थ्यकर्मीको नेतृत्वमा सबै स्वास्थ्य चौकी परिचालित थिए र छन् पनि । पालिकामातहतका सबै स्वास्थ्य चौकीको नेतृत्व हेल्थ असिस्टेन्ट वा सो सरहको प्राविधिकले लिनुपर्ने व्यवस्था पुरानै हो । नेपालमा आधारभूत स्वास्थ्य सेवा दिने स्वास्थ्यकर्मीको गुणस्तरको सन्दर्भमा त्रिविले उत्पादन गरेका हेल्थ असिस्टेन्टको उचाइ निकै माथि देखिन्छ । उनीहरूको दाँजोमा अहिलेका व्यापारिक इन्स्टिच्युटले उत्पादन गरेका हेल्थ असिस्टेन्ट फिका देखिएका छन् । नागरिकको स्वास्थ्य रक्षासँग प्रत्यक्ष सरोकार राख्ने आधारभूत सेवा यही जनशक्तिको हातबाट उपलब्ध भइरहेको छ । आधारभूत स्वास्थ्य सेवाको दायराभित्र ठुला डाक्टर र अस्पतालले रोग लागेपछि पुऱ्याउने उपचारात्मक सेवाभन्दा रोग लाग्नै नदिने प्रतिकारात्मक र प्रवर्धनात्मक सेवाको मात्रा बढी पर्छ । आधारभूत स्वास्थ्य सेवाभित्र खोप, पोषण, सामान्य चिकित्सा, मातृशिशु सेवा जस्ता देख्दा मसिना तर गहन मह□व बोकेका सेवा पर्छन् । बाटो, पुल, सिँचाइ जस्ता तुरुन्त नतिजा देखाउन सकिने क्षेत्रमा लगानी गर्दा परिणाम छिट्टै देखिने हुँदा स्वास्थ्य क्षेत्रमा स्थानीय नेताले मह□व दिएका छैनन् । केही समययता ग्रामीणस्तरको स्वास्थ्य सेवाको स्तर खस्केको पाइन्छ । सर्वसाधारण नागरिकले सामान्य उपचारका निम्ति पनि बारीको पाटो बेचेर सहरबजारका महँगा निजी अस्पताल वा क्लिनिकमा धाउनुको विकल्प देखिएको छैन । हाम्रा देशका हुनेखानेहरू सामान्य रोग लाग्दा पनि स्वदेश तथा विदेशका महँगा अस्पतालमा गएर सेवा लिन्छन् । हुँदा खानेहरू मात्र सरकारी अस्पताल र स्वास्थ्य चौकीको सहारा लिन बाध्य छन् । हाम्रा गाउँस्तरीय स्वास्थ्य चौकी सामान्य चिकित्साका अतिरिक्त जनस्वास्थ्यका क्षेत्रमा कार्यरत छन् ।

कानुनी दृष्टिकोणबाट हेर्दा मुलुकका सबै स्वास्थ्य चौकीमार्फत प्रदान गरिँदै आएको सामान्य चिकित्सा सेवा शतप्रतिशत गैरकानुनी छ । एमबिबिएस वा सो सरहको उपाधि हासिल गरेर नेपाल मेडिकल काउन्सिलमा दर्ता भएपछि मात्र बिरामी जाँच्न र औषधी सेवनका लागि सिफारिस गर्न पाउने व्यवस्था छ । हेल्थ असिस्टेन्ट वा सो सरह र सोभन्दा तलका स्वास्थ्यकर्मीबाट बिरामी जाँचेर औषधी सेवनका लागि सल्लाह दिन पूर्ण रूपमा बन्देज छ । सरकारले अत्यावश्यक सूचीमा सूचीकृत गरेका औषधी सरकारी स्वास्थ्य चौकीमार्फत निःशुल्क वितरण भइरहेको छ । सामान्य चिकित्सामा प्रयोग गरिने एम्पिसिलिन, कोट्रिम आदि रोगविरुद्धका प्रतिजैविक र परिवार नियोजनका लागि खाने चक्की डिपोप्रोभेरा जस्ता हर्मोन स्वास्थ्य चौकीमा सरकारले नै वितरणका लागि पठाउँछ । नेपाल मेडिकल काउन्सिल ऐन, २०२० र औषधी ऐन, २०३५ अनुसार यी औषधी काउन्सिलमा दर्ता भएका चिकित्सकबाहेक कसैले पनि सेवन गर्ने लिखित र मौखिक सल्लाह दिन पाउँदैनन् । गाउँका स्वास्थ्य चौकीमा यसखाले स्वीकृत चिकित्सकको दरबन्दी नै हुँदैन । अतः राज्यबाट सञ्चालित मोफसलका सबै स्वास्थ्य चौकीले गैरकानुनी रूपमा सेवा पुऱ्याइरहेका छन् ।

जिल्ला अस्पताल र पालिकास्तरका अस्पतालमा डाक्टरको दरबन्दी भए पनि स्वास्थ्य चौकीमा हेल्थ असिस्टेन्ट र अहेवको मात्र दरबन्दी हुन्छ। श्वासप्रश्वास, झाडापखाला, सामान्य प्रसूति सेवा जस्ता साधारण खालका रोगको निदान र उपचार आधारभूत स्वास्थ्य सेवा अन्तर्गत नै पर्छ । मुलुकका कुना कुनामा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने दायित्व स्वास्थ्य चौकीको हो । हालका केही समययता निजी मेडिकल कलेज, सामुदायिक अस्पतालको पनि सहर र सहरोन्मुख गाउँतिर बाक्लै उपस्थिति छ । सेवा भावनाले नभएर व्यापारिक हिसाबले खुलेका स्वास्थ्य निकायले पैसा लिएर भए पनि चिकित्सा सेवा दिएकै छन् । सामान्य रोग लागेर मानिस मर्ने र रोग लागेकै कारण थला पर्ने प्रवृत्तितर्फ ध्यान दिँदा ठुला रोगभन्दा सामान्य खालका स्वास्थ्य समस्यातर्फ ध्यान केन्द्रित गर्दा कम खर्चमा धेरै नागरिकको ज्यान जोगाउन सकिन्छ ।

नीतिनिर्माताले कार्यक्रम तर्जुमा गर्दै मुलुकको भौगोलिक अवस्था, आमनागरिकको चाहना र आयस्तरप्रति ध्यान दिएर पछि आउन सक्ने अप्ठ्यारालाई सामना गर्न सक्ने अवस्थाको ख्याल राख्नु पर्छ । यसका लागि स्थानीय सरकारले आफ्नो आवश्यकता अनुकूलको स्वास्थ्य नीति तर्जुमा गर्नुपर्ने हुन्छ । नेपालको स्वास्थ्य सेवाका ठेकेदार ठुला डाक्टर र अस्पताल मात्र हुन् भन्ने गलत सोचलाई त्यागेर अनुभवी हेल्थ असिस्टेन्ट तथा अहेव पनि हुन् भन्ने ठान्नु हाम्रा लागि जरुरी छ । गाउँ नै गाउँको बाहुल्य भएको हाम्रो मुलुकका लागि ग्रामीण क्षेत्रका जनताका नजिकका डाक्टर भनेका गाउँको स्वास्थ्य चौकीमा काम गर्ने हेल्थ असिस्टेन्ट तथा अहेव नै हुन् । औषधी ऐन, २०३५ र नेपाल मेडिकल काउन्सिल ऐन, २०२० र सो अनुसारका नियमावलीका कारण उनीहरू बिरामी जाँच्न र रोग अनुसारका औषधी सेवन गर्ने सल्लाह दिनसमेत डराइरहेका छन् ।

# यो वर्तमानको कस्तो इतिहास बन्ला ?

• नकुल काजी

हुन त रुमानियामा २४ वर्ष एकाधिपत्य कायम गरी राष्ट्रपति रहेका निकोलाई चाउचेस्कुले पनि ऐयूयासी पत्नी र शासनसत्तामा दाइँ गरिरहेका निगुरमुन्टे भोलेहरूबाट आफ्नो नम्बरी इतिहास लेखिने भाषण बास्ने गरेका थिए भनिन्छ । निकोलाइ र उनकी पत्नी एलेनालाई जन-अदालतमा फाँसी दिइएपछि ती भाषणहरू मरुभूमिको बालुवा भएर गएका थिए । एकताका युगाण्डाका राष्ट्रपति दादा ईदी अमिन पनि विश्व-समाजकै चर्चामा उकासिएका थिए, जसले प्रतिशोधवश छ जना सैनिकका टाउका काटेर डाइनिङ टेबल अघिल्तिर फ्रिजमा ती टाउकाका अनुहार आफूतिर फर्काएर राखेका र खाना खाने समयमा फ्रिजको ढोका खोलेर स्वाद फर्माउँदै गाँस हाल्थे भन्ने अतुल 'क्रूरता'-को चर्चा पनि कम गन्हाएको होइन । उनको नाम वाफ भैंं त्यतिकै फास्सफुस्स भएर गयो । उनको अनुहारको प्रतिकृति पनि सभ्य इतिहासमा कहीँ भेटिँदैन । व्यापकरूपमा चर्चित इण्डियन चलचित्र 'शोले'-को राक्षसी मुखपात्र 'गब्बरसिंह' (अमजद खान)-ले पनि चरम 'नकारात्मक मान्छे'-को इतिहास रचेकै हुन्, जो एकताका भन्नै पूर्वी गोलार्द्धकै जन-चर्चाको भूइँमा मौलाएको थियो । अहिले पनि कसैले कसैलाई अरबखे स्वर उरालेर हकारेको सुन्नेले 'गब्बर'-को नाम लिन्छन् र भन्छन् - 'कस्तो गब्बरे इवाँक !' संसारका कतिपय राष्ट्रलाई थर्कमान तुल्याउँदै धनी र शक्तिशाली राष्ट्र अमेरिकामा डरलाग्दो घटना गराउन समर्थवान आतङ्ककारी सङ्गठन 'अल काइदा'-का जनक ओसामा बिन लादेन मारिएको १३ वर्षमै उसको अस्तित्वको चर्चा त के, नाम समेत नामेटप्रायः भएको छ । त्यति टाढा किन, नेपालकै जंगबहादुर राणाको नाम काठमाडौंको धरहरानेर पुग्दा मात्र होइन, नेपाली इतिहासको कखरा पढेकाहरूले मात्र होइन, 'साउँअक्षर' नै नचिनेकाहरूले पनि मानवीय सम्वेदनाहीन कठोर शासकीय घटनाका सन्दर्भमा मात्र लिने गरिराखेका छन् । त्यसो त पुल बनाउनेको नाम जति चर्चामा आउँछ, पुल भत्काउनेहरू त्योभन्दा कता हो कता बढ्ता जन-जनका चर्चामा मात्र होइन इतिहासले पन्नामा नाक खुम्च्याउँदै निफनिरहेको हुन्छ नै ।

वर्तमान 'संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल'-का वर्षहरूभरिमा आलोपालो 'राज्यसत्ताका एकाधिपति' बन्दै, अकुत सम्पतिले धन्य हुँदै र आफ्ना, नातेदार-आफन्तदखि निगुरमुन्टे भोले-भक्तजनलाई समेत खाली भूइँबाट टिप्तै महलमा बसाइँ सार्ने अभ्यास गर्दै आएका तीन ठूला पार्टीका मुखिया-डफेदारहरूको पनि समसामयिक इतिहासमा 'आलेख-परिवेश' त्यस्तै-त्यस्तैभन्दा सुग्गर देखिने अनुमान हुँदै छैन ।

नागरिक जीवनको सिङ्गो जिजीविषाकै सर्वस्व हो जीवन निर्वाह, जो क्रमिकरूपमा अत्यन्त अक्करिलो, कष्टप्रद र दुसाध्य बन्दै गएको छ ! र, 'नागरिक समाज' नै रित्तिँदै गएको छ । विदशीको रगरगी बढ्दै जाँदो छ । नागरिकवृत्तमा मूल-जातीय स्वाभिमानको दुब्लाउँदो अवस्था जो मनोवैज्ञानिक विवशतावश सहनैपर्ने स्थितिमा दह्रिँदै गइरहेको छ । हरेक शिशुले टाउकोमा लगभग रु. ८७ हजार ऋणको भारी बोकेर पृथ्वीको उज्यालो देख्ने दुर्भाग्यले गाँजेको छ । कुल जनसंख्याको लगभग एक-तृतियांश ऊर्जावान नागरिकहरू जीवन निर्वाहका लागि विदेशिएका छन् । तिनीहरूबाट आउने रिमिट्यान्स र ऋणबाट अख्तियारशाली तथा पहुँच भएकाहरूलाई पौलो छ । नीतिगत र व्यक्तिगत भ्रष्टाचारले केन्द्रीयदेखि पालिकाहरूका वडा-वडासम्मै रोब जमाएर 'देश'-लाई केवल भूगोलभित्रको माटोमा सीमित हुने स्थितितिर घिसारिँदैछ । दोषका प्रति आक्रामक र मुखरहरूलाई 'ऐन-कानूनका नौ सिङ' तिखारेर कँज्याउने र सत्ताधिकारका एकाधिपतिहरू स्वयम् जोगिने अनि तिनका बुख्याचा सरह पाउभक्तहरूलाई जोगाउने गलत उपाय निःसंकोच प्रयोग गरिनेसम्मको निर्लज्ज प्रस्तुती भइरहेको छ । अतः राज्यको परम दायित्व र परम कर्तव्यमा पर्ने नागरिकका नितान्त सरोकारका उम्दा र महत्वपूर्ण विषयको साङ्गोपाङ्गो नै राज्य हाँकिरहेका डफेदारहरूका दम्भी चकचकी प्रदर्शनका लागि बनेका नवाबी महल, आकाशचुम्भी बुर्जा (टाओर) , ऐयूयासी सभाभवनहरू, अनेकका बेकामे आयोग र समितिहरूमा 'आफ्ना भजक'-हरूलाई पोस्ने आदि-इत्यादिका ओझेलमा पार्दै स्वनाम-धन्य बनी रमाउने दुष्कर्महरू भइरहेका छन्।

भ्रष्टाचारको विरोध फलाक्तै, सुशासन र समृद्धिका रेसमी भाषण बास्तै विपक्षी विरुद्ध निचो आलोचना गर्नु नै शासक शिविरे उपल्ला-तल्ला नायक-नेताहरू तथा 'राज्य' हाँकिरहेहरू प्रायः सबैको मुख्य 'उत्तरदायित्व-दैनिकी' देख्नु-सुन्नु धरातलीय नेपालीको दुर्दम्य नियति बनेको छ ! आर्थिक-पादार्थिक उपार्जन र मोजमस्तीको घोडा चढेर विकास र समृद्धिको गीत गाउने अहमत्याइँले देश र देशवासीको भविष्यलाई अतुल घातको ओइरो हालिँदैछ । बहुसंख्यक नागरिक कृषि पेशामा सम्पृक्त यस देशमा अहिले कृषकले उब्जाएको साग-सब्जी शहर-बजारिया र राजमार्गे उपभोक्ताका चूलामा आइपुग्दा पाँचथरि विचौलिया-कमिशनखोरहरूको लुटचक्र पार गरिसकेर किसानले बेच्ताको मूल्यभन्दा पाँच गुणा बढी बनिरहे जस्तै अवाञ्छित चालामाला छ देशका हरेक कित्तामा ! 'आकाशको तारो' भने भैंं रेल र पानी जहाज सञ्चालनको प्रयोजनका लागि भन्दै 'खैयूयामी कल्पना'-मा खोलिएका कार्यालयहरूमा नियुक्त सरकारी पार्टीका भजनजीवी जस्ताहरूको ताली पिटाइमा लल्कारिने भाषणहरूले कति दिन यस्ता चालामालाहरूलाई छोप्ला त ? दिपक खँड्का, धनराज गुरुङ, गोकुल बाँस्कोटा आदि-इत्यादि जस्ता र तीनजना आ-आफ्ना अख्तियारको परिधिमा 'माथिल्ला राजनीतिक सेलेब्रिटि'-को 'शक्ति-सवार हल्लाबोल' कति दिन मौलाइरहला त ? ४६ किसिमका 'कर-तिरो'-का थिचोमिचोले 'रैती-रैतान' बनाइएका बहुसंख्यक नेपालीले २ करोड ८८ लाख ९१ हजार ७०० रुपैयाँको हाते घडीधारी सर्बहारा वर्गमार्गी कमरेडका उखान-तुक्के भाषण सुनेर कति दिन मौनब्रत बस्लान् ? जनाधारको प्राप्तिले वैकल्पिक शक्ति बन्छ भन्ने संत्रास आज कसरी समन-दमनको गुरुयोजना अन्तर्गत फँसेको छ भन्ने हिसाब नागरिक तप्काले राखेका दृष्यहरू मञ्चित छैनन् र ? 'त्रिरत्न'-मध्येका बालकृष्ण समले उहिले नै, सायद यो वर्तमानका लागि, लेख्नु भएको थियो -" नेपाली मृत्युसँग त्यति डराउँदैन जति परतन्त्रतासित डराउँछ ।" त्यसै बमोजिम २०४६ र २०६२-०६३ मा नेपालीजन प्रस्तुत भए । तर, उनै समको अर्को भनाइ -"वीर गान्धर्व भाग्दैन, लुक्छ !" चाहिँ आजको अवस्था छ । यो अवस्थाबाट नेपाल कसरी मुक्त होला ? यो एउटा सर्वाधिक अहम् प्रश्नको अभ्युदय भएको छ ।......बस्, आजलाई यत्ति नै ! शेष फेरि

# अनुसूचित जातिको प्रथम महाधिवेशन सुकुनामा सम्पन्न

• वीरु दर्नाल,

भारत , दार्जिलिङ । भारतको पश्चिम बंगाल राज्यको दार्जिलिङ जिल्लास्थित जिटिए क्षेत्रका अनुसूचित जातिको प्रथम राष्ट्रिय महाधिवेशन सुकुनामा सम्पन्न भएको छ ।

दार्जिलिङ जिल्लाका कालेबुङ , खरसाङ , मिरिक , डुवर्स , सिलिगुडीलगायतका अनुसूचित कामी , दमाई र सार्की ( कादसा ) तीन जातिको प्रथम महाधिवेशन आयोजना गरिएको थियो । डिसेम्बर २२ तारिख आइतबार भएको महाधिवेशनले यी तीन जातिको एकतालाई बलियो बनाएर आगामी दिनमा अघि बढ्दै राज्यसँग आफ्नो जातिको हकहित लागि माग गर्ने निर्णय गरेको छ । महाधिवेशनको गोर्खा पार्वत्य परिषद ( जिटिए ) का प्रमुख कार्यकारी अधिकृत अनित थापाले उद्घाटन गरेका थिए । उनले आफूमा भएको हिनताको भावनालाई त्याग्न अनुसूचित जातिलाई आग्रह गरेका छन् । उनले भने,' तपाईहरु धैरै अगाडी बढिसक्नु भएको छ । तपाईहरुको जातिमा ईश्वरको वास रहेको छ । अब गर्व गर्ने बेला आएको छ । हरेक क्षेत्रमा तपाईहरुको जातिले एउटा विशेष स्थान बनाइसकेको अवस्था छ । अब पनि मन खुम्च्याएर बस्ने बेला छैन ।'

कार्यक्रममा समुदायबाट कला क्षेत्रमा योगदान पुर्याउने विभिन्न ब्यक्तित्वलाई सम्मान गरिएको थियो । चर्चित कुसुमे रुमाल चलचित्रमा चंखेको भूमिकामा अभिनय गरेका वरिष्ठ कलाकार विश्वमणि हिङ्माङ ( जिते ) , चर्चित गायक इन्द्रजित मिजारलाई सम्मान गरिएको हो । वरिष्ठ संगीतकार शान्ति ठटाल , काजी सिंह , डा. जेबी मंग्रातिलगायतलाई सम्मान गर्ने आयोजकले बताएपनि कार्यक्रममा उनीहरुको उपस्थिति नरहेको आयोजक समितिका सदस्य सुरज बागदासले बताए । राजु सुनारको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बिभिन्न कलाकारहरुले सांगीतिक प्रस्तुति दिएका थिए । संजय पोर्तेलको स्वागत रहेको कार्यक्रमलाई अनिल विश्वकर्मा , अनुप रामुदामु र अनित खातीले संयुक्तरुपमा संचालन गरेका थिए । नेपालबाट अध्येता लेखक डिबी नेपाली ( दमु ) काठमाडौ र गोर्खा फाउण्डेशनका अध्यक्ष वीरु दर्नाल भापा अतिथिको रुपमा निम्त्याइएका थिए । अनुसूचित जाति कामी , दमाई र सार्कीबारे डा. विसु सिंह विश्वकर्मा , डा. अमिर दर्जी र सन्तराज सार्कीले आ-आफ्नो कार्यपत्र प्रस्तुत गरेका थिए । जिटिएका चर्चित हास्यकार महेन्द्र बागदासले आफ्नो कला प्रस्तुति दिएका दिए भने इन्द्रजित मिजार र रजनी सुन्दासले युगल गीत गाएका थिए । कार्यक्रममा कार्यवाहक अध्यक्ष विमल दर्जी , पण्डित निर्मल खाती , तीनधारेका वरुण रसाईलीको टोलीले मादल धून , केशव लावर , देवा मंग्राति , राजेश गजमेर , रवि दियालीलगायतको मन्तव्य तथा प्रस्तुति रहेको थियो । भारतीय संविधानअनुसार दलित जाति लेख्न र भन्न प्रतिबन्ध लगाइएको छ ।

# कोशी प्रदेश सभाको अधिवेशन माघ पहिलो साता

भापा(प्रस) । कोशी प्रदेश सभाको हिउँदे अधिवेशन आगामी माघको पहिलो हप्तादेखि सुरु गर्ने तयारी भएको छ । प्रदेश सरकारका प्रवक्ता तथा आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले प्रदेश सभाको अधिवेशन माघ पहिलो हप्ता बोलाइने बताएका हुन् ।

यसअघि जारी गरेको अध्यादेशको प्रतिस्थापन विधेयकहरू पनि संसद्को हिउँदे अधिवेशनमै लगिने उनले जानकारी दिए । प्रदेश सभाको बजेट अधिवेशन गत असोज ४ गतेदेखि अन्त्य भएको थियो । प्रदेश सभाको प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र)ले भने गत असोजमा आएको बाढी र पहिरोबाट क्षतिग्रस्त




उनले प्रदेश सभालाई आवश्यक बिजनेस दिनका लागि एक वटा विधेयक संसदमा दर्ता भएको र अन्य ३ वटा विधेयक मन्त्रिपरिषदबाट पारित गरेर सो समयावधिसम्ममा संसद् सचिवालयमा दर्ताका लागि लगिने बताए । 'हामीले प्रदेश सभाको अधिवेशन सुरु हुने बेलासम्ममा कम्तीमा ४ वटा विधेयक संसद् सचिवालयमा दर्ता गर्छौं,' भण्डारीले भने । यस्तै सरकारले संरचनाको पुनःनिर्माणको काम अगाडि नबढेको, विस्थापितले राहत नपाएको, पराजितहरूले बजेट पुनरावलोकनको माग गरेको, प्रदेशको पहिलो लगानी सम्मेलनको तयारी फितलो भएको, मन्त्री लिलाबल्लभ अधिकारीको जापान भ्रमण काण्डमा सर्वसाधारणलाई थुनेको लगायतका विषयमा छलफल गर्न तत्काल संसद्को अधिवेशन आव्हान हुनुपर्ने माग गर्दै आएको छ ।

# पाथीभरा पदमार्गमा घण्टीको प्रवेशद्वार निर्माण गरिने

भापा(प्रस) । पाथीभरा क्षेत्र विकास समिति ताप्लेजुङले पाथीभरा मन्दिरमा भक्तजनले चढाएका घण्टीलाई प्रवेशद्वारमा प्रयोग गर्ने योजना बनाएको छ ।

समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङले भक्तजनहरूले चढाएका घण्टी ठूलो परिमाणमा रहेकाले ती घण्टीलाई प्रयोग गरी आकर्षक प्रवेशद्वार निर्माण गर्ने समितिले निर्णय गरेको जानकारी दिए ।

उनले भने, "हामीसँग ठूलोमात्रामा घण्टीहरू छन्, जसलाई घण्टीकै आकर्षक गेट निर्माण गर्ने योजना बनाएका छौँ । यसले धार्मिक पर्यटकलाई आकर्षित गर्नुका साथै पर्यटन प्रवर्द्धन हुने विश्वास लिएका छौँ ।" यसअघि ती घण्टीहरूलाई बोलपत्र आह्वान गरी बिक्री गर्ने तयारी गरिएको भन्दै स्थानीय बासिन्दा, आगन्तुकको सल्लाह र सुझावका आधारमा प्रवेशद्वार निर्माण गर्ने निर्णय गरिएको उनले बताए । पाथीभरा क्षेत्र विकास समितिले पुराना र पुरातात्विक महत्वका घण्टीहरूलाई भने संरक्षण गरेर राख्ने जनाएको छ । यसले पाथीभरा क्षेत्रको सांस्कृतिक र धार्मिक धरोहरलाई जोगाउने र भावी पिँढीलाई पाथीभरा र यहाँका पुरातात्विक वस्तुको महत्व बुझाउन मद्दत पुग्ने समितिको विश्वास छ ।

घण्टीको प्रवेशद्वार निर्माणले पाथीभरा पदमार्गलाई थप आकर्षक बनाउनुका साथै धार्मिक र सांस्कृतिक दृष्टिले समृद्ध बनाउने विश्वास लिइएको कार्यकारी निर्देशक हाङबाङले बताए । उनका अनुसार हाल पाथीभरामा करिब ५० क्विन्टलभन्दा बढी घण्टी छन् ।




# राप्रपालाई अहित हुने सामग्री सेयर र लाइक गर्न रोक

भापा(प्रस) । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले पार्टीलाई अहित हुने सामग्री फेसबुकलगायत सामाजिक सञ्जालमा सेयर, लाइक र रिट्वीट गर्न रोक लगाएको छ।

केन्द्रीय प्रचार विभागले बनाएको 'सामाजिक सञ्जाल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१' मा पार्टीलाई हित नगर्ने सामग्री प्रसारित सामग्रीमा एकरूपता कायम गर्न पार्टीले कार्यविधि बनाएर लागु गरेको हो।

कार्यविधिमा कुनै सदस्यले अर्को कुनै सदस्य वा व्यक्तिलाई होच्याउने, बदनाम गर्ने, चरित्रमा आँच पुऱ्याउने वा व्यक्तिगत प्रतिष्ठामा हानि हुने गरी सार्वजनिक रूपमा आलोचना गर्न वा फोटो, भिडिओ सेयर गर्न



सेयर, लाइक र रिट्वीट गर्न नपाउने उल्लेख छ। यो कार्यविधि पुष ६ गते बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकले अनुमोदन गरेकोले कार्यान्वयनमा आइसकेको छ।

अब साधारण सदस्यदेखि केन्द्रीय पदाधिकारीसम्मले यो कार्यविधिअनुसार सामाजिक सञ्जाल सञ्चालन गर्नुपर्ने भएको छ।

प्रवक्ता मोहन श्रेष्ठका अनुसार व्यवस्थित र मर्यादित रूपमा सामाजिक सञ्जाल सञ्चालन गर्न र नपाउने उल्लेख छ।

'पार्टी सदस्यले प्रतिस्पर्धी पार्टी, व्यक्ति वा समूहले पार्टीलाई हित नहुने विषयको सामग्री सेयर गर्ने, लाइक गर्ने र रिट्वीट गर्न हुँदैन,' कार्यविधिले भनेको छ।

सदस्यहरूले पार्टी निर्णय, विचार, मूल्य, मान्यता र आदर्शलाई सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्ने, गराउने वा पार्टी सदस्यबाट सार्वजनिक हुने विचार, बहसलाई व्यवस्थित गर्न कार्यविधि बनाउनुपरेको राप्रपाको भनाइ छ।

# १२ औं फुड फेस्टिभल हुने

भापा(प्रस) । भेडेटारमा १२ औं फुड फेस्टिभल हुने भएको छ । मंगलबार पत्रकार सम्मेलन गर्दै आयोजकले धनकुटाको भेडेटारमा तीन दिने फुड फेस्टिभल हुने जानकारी गराएको हो ।

उक्त फेस्टिभलमा विभिन्न पर्यटकीय स्थलहरूको




प्याकेज अनुसार अवलोकन गराइने छ । होटल एशोसिएसन भेडेटारको आयोजना हुन लागेको फेस्टिभलको सह-आयोजक प्राकृतिक वातावरण स्रोत तथा पर्यटन भेडेटार र भेडेटार आमा समूह छन् । उक्त फेस्टिभल यही पुष १६ गतेदेखि सुरु भएर १८ गतेसम्म चल्ने आयोजकले जनाएको छ । महोत्सवको उद्‌घाटन गर्न कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्की आउने होटल एशोसिएसन भेडेटारका अध्यक्ष तुमराज लिम्बूले बताए ।

यही पुष १६ गतेदेखि सुरु हुने फेस्टिभलमा स्थानीय खानाका परिकार, स्थानीय अर्गानिक तरकारी तथा फलफूल, कृषि तथा घरेलु सामाग्री बेचबिखनका साथै प्रदर्शनीमा राखिने आयोजकको भनाइ छ । फेस्टिभलमा करिब ५० हजार आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने लक्ष्य लिनुका साथै करिब २ करोड बराबरको आर्थिक कारोबार हुने आयोजकको अनुमान छ ।


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** — नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** — महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** — आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** — नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** — आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** — मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** — आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** — सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** — आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** — घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** — राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** — परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।